म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौँडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २६३ २०८० भदौ १ गते शुक्रबार 18 August 2023, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

BUDDHA
Bar & Restaurant
MAKI
Sushi
Frist time
in
greenery
city
Hetauda
Relaunching coming wednesday 10-04-2080
Hetauda-4, School Road
For Delivery
9802923576
buddhabar&restaurant

# अपाङ्गता भएका व्यक्तिलाई छुट्टै टिकट काउण्टरको व्यवस्था गर: अपाङ्ग महासंघ

*प्रतिष्ठानका रजिष्ट्रार एवम् हेटौँडा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष राजेश प्रसाईँलाई ध्यानाकर्षणपत्र बुझाउँदै ।*

समाज संवाददाता

हेटौँडा: राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश समितिले हेटौँडा अस्पतालमा अपाङ्गता भएका व्यक्तिका लागि छुट्टै टिकट काउण्टरको व्यवस्था गर्न माग गरेको छ । हेटौँडा अस्पताल सञ्चालक संस्था मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई बिहिबार ध्यानाकर्षणपत्र बुझाउँदै महासंघको प्रदेश समितिले अपाङ्गता भएका व्यक्तिका लागि छुट्टै टिकट काउण्टरको माग गरेको हो ।

महासंघले प्रतिष्ठानलाई ५ बुँदे मागसहित ध्यानाकर्षणपत्र बुझाएको छ। हेटौँडा अस्पतालमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको अवस्थाको सही पहिचान गरी परिचयपत्रका लागि सिफारिस गर्ने व्यवस्था मिलाउन, अपाङ्गता भएका व्यक्तिहरुको खण्डीकृत तथ्याङ्क राख्ने व्यवस्था गर्न, अपाङ्गता भएका व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न, राज्यबाट सर्वसाधारणका लागि निशुल्क वितरण गरिने १०० प्रकारका औषधिहरु अपाङ्गता भएका व्यक्तिहरुका लागि सरल र सहज ढङ्गबाट उपलब्ध गराउन पनि ध्यानाकर्षण गराइएको छ ।

यस्तै अस्पतालमा सांकेतिक भाषाको ज्ञान भएका व्यक्ति (दोभाषे) को व्यवस्था गर्न, संकेत र चिन्हहरू मापदण्ड अनुसार सजिलै प्रयोग गर्न मिल्ने बनाउन र अस्पताल परिसरमा ट्याक टाइल र ब्रेल अभिमुखीकरण नक्साको व्यवस्था गर्न पनि अपाङ्ग महासंघले ध्यानाकर्षण गराएको छ । राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश समितिका अध्यक्ष अस्विन लम्सालले प्रतिष्ठानका रजिष्ट्रार एवम् हेटौँडा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष राजेश प्रसाईँलाई ध्यानाकर्षणपत्र बुझाउनुभएको हो ।

### सामाजिक मन्त्रालयमा शिक्षक महासंघको धर्ना

# सम्झौतालाई लत्याएर सरकार एकलौटी बनेको आरोप

*बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयमा धर्नामा बसेका शिक्षकहरु ।*

समाज संवाददाता

हेटौँडा: विद्यालय शिक्षा विधेयकमा सुधारका लागि दबाव दिने उद्देश्यले नेपाल शिक्षक महासंघले बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयमा धर्ना दिएका छन् । बिहिबार बिहान ११ बजेदेखि दिनको २ बजेसम्म शिक्षकले धर्ना दिएका हुन् । यसअघि पालिका, जिल्लास्तर हुँदै बिहिबार प्रदेशस्तरीय धर्नाको कार्यक्रम आयोजना गरेको हो ।

शिक्षा विधेयकको मस्यौदा त्रुटिपूर्ण रहेको भन्दै शिक्षकले मन्त्रालयमा शान्तिपूर्ण धर्ना दिएका हुन् । ७ सय ५३ पालिका, ७७ जिल्ला र सातै प्रदेशभर शिक्षकहरुले पहिलो चरणको कार्यक्रम अन्तर्गत शान्तिपूण धर्ना दिँदै आइरहेका छन् । २०२८ सालमा बनाएको शिक्षा ऐन ४०औं ५०औं वर्षसम्म कसरी लागु हुनसक्छ भन्ने प्रश्न गर्दै आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका शिक्षक मालती पोखरेलले भन्नुभयो, '२०२८ सालको शिक्षा नीतिलाई प्रतिस्थापन गर्ने गरी संसदमा पेश भएको शिक्षा विधेयक–२०८० मा शिक्षकहरुको माग र मुद्दा सरकारको कानमा ठोक्किन पुगेको छ । तर अहिलेसम्म शिक्षकहरुको ती माग र मुद्दालाई सरकारले सम्बोधन गर्ने प्रयास गरेको छैन ।'

यस्तै ईसीडिका शिक्षकहरुले साना भाईबाहिनीलाई कलम हातमा समाएर अक्षर लेखाउन सिकाउँछन् । देशभर नै बालविकास केन्द्र (ईसीडि) का शिक्षकहरुको तलब १० हजार रुपैयाँ मात्र छ । शिक्षक पोखरेलले प्रश्न गर्नुभयो, 'ती शिक्षकहरुको तलब थप्नु पर्दैन ? त्यति रकमले उहाँहरुको चुलो बल्छ ? राहत शिक्षकहरुको शिक्षा नीति ल्याउनु पर्दैन ?'

नेपाल शिक्षक महासंघ बागमती प्रदेशका शिक्षक गणेशप्रसाद दाहालले १७ थरिमा शिक्षकलाई सरकारले वर्गीकरण गरेको बताउनुभयो। उहाँले ती शिक्षकदेखि कर्मचारीहरुको तलव पनि फरक-फरक दिएको भन्नुहुँदै बजेट भाषणमा निजामति कर्मचारीको तलब बढाएको हुन्छ, शिक्षकहरुको भने आन्दोलन गरी दबाब बढाएपछि मात्र शिक्षकहरुलाई पनि हो भनेर जोड्ने गरिएको गुनासो गर्नुभयो । दाहालले भन्नुभयो, "जसले गर्दा हामीलाई बाध्यता गराएको छ । म जस्तो अपाङ्ग शिक्षकहरु पनि विद्यालय बन्द गरेर धर्नामा आउनु रहर होइन ।"

यसैगरी नेपाल शिक्षक महासंघ बागमती प्रदेशका अध्यक्ष नीरबहादुर कार्कीले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षक महासंघबीच ५१ बुँदे र ३० बुँदे सहमति भएको स्मरण गराउनुभयो । शिक्षा मन्त्रालयले जनाएको सहमति ईमान्दारितापूर्वक पालना गर्छ भन्ने अपेक्षा गरिएको थियो । तर सो सहमतिलाई तोड्दै शिक्षा मन्त्रालयले एकलौटी रुपमा शिक्षा विधेयक बाहिर ल्याएको भन्दै उहाँले रोष प्रकट गर्नुभयो ।

अध्यक्ष कार्कीले भन्नुभयो, "प्रथम चरणको कार्यक्रम अन्तर्गत बिहिबारको धर्ना कार्यक्रम अन्तिम दिन हो । उहाँका अनुसार भदै १ गते केन्दले सम्बन्धित निकायसँग बहस र पैरवी कार्यक्रम संचालन गर्दैछ। यसबाट पनि शिक्षकहरुको माग र मुद्दालाई नजरअन्दाज गरियो भने फेरि आन्दोलन बाध्यकारी हुनेछ । आन्दोलन रहर होइन बाध्यता हो । त्यसकारण सरकारले आन्दोलन नित्याउने कार्य नगरोस् ।"

उहाँले आक्रोशित हुँदै अगाडि थप्नुभयो, "विगतमा शिक्षकहरुले जति सेवा सुविधा पाएको छ आन्दोलन गरेरै पाएको छ । यदि सरकारको त्यो बुझाई छ भने घातक हुनेछ । पेलेर एकतर्फी सरकार अघि बढे विद्यालय बन्द हुने स्थिति आउला, त्यसको जिम्मेवारी सबै सरकार स्वयम्को हुनेछ ।"

## आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाईटिस

हाल नेपालका विभिन्न जिल्लाहरूमा भाईरल कन्जंक्टिभाईटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सतर्क रहौं।

### लक्षणहरू

- आँखा रातो हुने र चिलाउने।
- आँखाबाट आँसु बगिरहने वा कचेरा / चिप्रा लाग्ने।
- आँखाको ढकनी रातो हुने, सुन्निने।
- आँखा बिझाउने / दुख्ने।
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने।

### रोकथामका उपायहरू

भाईरल कन्जंक्टिभाईटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरू अपनाएर आँखा पाक्ने रोगबाट बचौं।

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रूमाल, सिरानी, तन्ना प्रयोग नगर्ने।
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाईमा ध्यान दिने।

भाइरल कन्जंक्टिभाईटिस भइहाले आत्तिनु पर्दैन। यो रोग १ देखि २ हप्तामा आफै निको हुन्छ। स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं।

**चुरेहिल हस्पिटल प्रा.लि.**

Chure Hill HOSPITAL
DEVOTION TO HEALING

**हेटौंडा-११, मकवानपुर**

## बाढी/पहिरो जस्ता विपद्को जोखिमबाट बच्न र बचाउन हार्दिक अनुरोध

**बाढी/पहिरो नियन्त्रणका तत्कालीन उपाय**

- आफ्नो गाउँघरका माथिल्ला भागबाट गहिरो कुलो काटी पानीको उचित व्यवस्थापन गर्ने ।
- कतै जमिन चिरा परेको देखेमा त्यसभित्र पानी नछिर्ने गरी टाल्ने ।
- आफ्नो घर तल-माथिको जमिन तथा घरभित्र गहिरो चिरा परेको भएमा तुरुन्त सुरक्षित स्थानमा गएर बस्ने ।
- पानीको बहाव बढ्दै ढुङ्गा माटो कटान गरेमा आफू भन्दा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिने ।
- भूकम्पको धक्काले आफ्नो घरवरपर कत्तिको क्षति गरेको छ त्यसको राम्रोसँग निगरानी गर्ने ।
- पहिरो कटान र यसले गर्ने क्षतिको आंकलन गरी विकास निर्माणका कामहरू, जस्तै- बाटो खन्ने, ढुङ्गा निकाल्ने, कुला तथा नहर बनाउने ।

बाढीबाट जोगिन नदी तटीय क्षेत्रमा बस्न हुन्न ।
होचो भूभागमा आवातजावत गर्न हुन्न ।
गाउँ र वस्तीमा बाढी आयो भने उचो भूभागमा जानुपर्छ ।
समूहमा बस्नुपर्छ ।
उचो भूभागमा जाने ठाउँ छैन भने आफ्नो घरको पहिलो, दोस्रो तल्ला वा छतमा बस्न सकिन्छ। छतमा पनि बस्न सक्ने अवस्था भएन भने बाहिरबाट गएका उद्धार टोलीलाई आफ्नो समस्या भन्नुपर्छ ।
बाढी पूर्वानुमान शाखाको पैसा नलाग्ने नम्बर ११५५ मा फोन गरेर कता बाढी जाँदैछ भन्ने थाहा पाउन सकिन्छ ।
संचारमाध्यमबाट आएको सूचनालाई आधार बनाएर सतर्क हुनपर्छ ।
सूचना अनुसार सुरक्षित ठाउँको पहिचान पहिले नै गर्ने र बाढी आइहाले त्यो ठाउँमा जानुपर्छ ।
ठूलो पानी परेपछि जमिन कमजोर हुने भएकाले भिरालो जमिनमा बस्दा उच्च सतर्कता अपनाउनुपर्छ ।
पहिले पहिरो गएका ठाउँमा फेरि पनि पहिरो जाने संभावना धेरै हुने भएकाले त्यस्ता ठाउँको पहिचान गर्नुपर्छ ।
घर भत्किएर जनधनको क्षती हुने भएकाले घर बाहिर निस्किएर बस्नुपर्छ ।
ठूलो पानी परिरहे जोखिमयुक्त क्षेत्र नजिक भए नसुती चनाखो भै बस्नुपर्छ ।

**सागर पाण्डे, वडा अध्यक्ष**

**भीमफेदी गाउँपालिका-४, मकवानपुर**

## सम्पादकीय

# शिक्षामा अनुदार सरकार

गत साउन १६ गते संघीय मन्त्रिपरिषद्ले पारित गरेको 'विद्यालय शिक्षा ऐन २०८०'को मस्यौदाप्रति अहिले शिक्षकहरुले आन्दोलन गरिरहेका छन् । नेपाल शिक्षक महासंघको अगुवाइमा आइतबारदेखि सुरु भएको पहिलो चरणको आन्दोलन बिहीबार अन्त्य भएको छ । महासंघको आह्वानमा देशभरका सबै स्थानीय तह, जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाई र ७ वटै प्रदेशको सामाजिक विकास/शिक्षा मन्त्रालयमा धर्ना दिइएको छ । महासंघले यसअघि सरकारसँग भएका सहमतिका बुँदाहरु प्रस्तावित विधेयकमा समावेश नभएको भन्दै आन्दोलन सुरु गरेको हो । तर, महासंघको पहिलो चरणको आन्दोलन समाप्त भइसक्दासमेत सरकारले वार्ताको छाँटकाँट नै देखाएको छैन । प्रस्तावित विधेयकलाई लिएर सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघले पनि असन्तुष्टि जनाउँदै सरकारको ध्यानाकर्षण गराएको छ ।

प्रस्तावित विद्यालय शिक्षा विधेयकबाट सबैभन्दा बढी प्रभावित शिक्षकहरु नै हुन्छन् । प्रस्तावित विधेयक सामुदायिक विद्यालयको शैक्षिक सुधार र शिक्षकको हितविपरित रहेको शिक्षकका विभिन्न संघसंस्थाले बताइरहेका छन् । सरकारले यसअघि शिक्षक तथा विद्यालय कर्मचारीहरुको आन्दोलनका क्रममा शिक्षा ऐनमार्फत् सम्बोधन गर्ने भन्दै गरिएका विभिन्न समयमा गरिएको सम्झौताका अधिकांश बुँदाहरु प्रस्तावित ऐनमा समेटिएको छैन । यसले सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीलाई निराश बनाएको छ । प्रस्तावित विधेयकले एक लाखभन्दा बढी विभिन्न तह र श्रेणीका स्थायी शिक्षकलाई मात्र होइन, झण्डै ४२ हजारको संख्यामा रहेका राहत अनुदान कोटाका शिक्षक, साविक उच्च मावि दरबन्दी र अनुदानका ६ हजार शिक्षक, करिब २० हजार बाल विकास सहजकर्ता, ३० हजारभन्दा बढी विद्यालय कर्मचारी, अन्य थुप्रै प्रकारका करारका शिक्षकहरुको माग सम्बोधन गरको छैन । सरकार शिक्षकहरुको मागप्रति गम्भीर बन्न सकेको पाइँदैन ।

प्रस्तावित शिक्षा विधेयकका केही प्रावधानहरुमा निजी विद्यालय सञ्चालकहरुले पनि आपत्ति जनाउँदै आन्दोलन गर्ने घोषणा गरेका थिए । निजी विद्यालय सञ्चालकको संगठनले अनिश्चितकालीन विद्यालय बन्दको आह्वान गरेपछि सरकारले तत्कालै उनीहरुसँग वार्ता गरेर सहमति गरेको छ । निजी विद्यालय सञ्चालकहरुले अघि सारेका सम्पूर्ण माग ऐनमा समेट्ने प्रतिबद्धता जाहेर गरेको सरकार शिक्षक महासंघको आन्दोलनबारे बेखबर जस्तै बनिरहेको छ । निजी विद्यालय सञ्चालकसँग सजिलै घुँडा टेक्न बाध्य भएको सरकार सामुदायिक विद्यालय र शिक्षकप्रति अनुदार बनेको छ । निजी विद्यालयको तुलनामा ४ गुणाभन्दा बढी रहेको सामुदायिक विद्यालयप्रति राजनीतिक नेतृत्व सदैब उनुदार बन्दै आएको छ । राजनीति दलहरुका शीर्ष नेतृत्व र उनीहरुको आफन्तको लगानी निजी विद्यालयमा हुने र निजी विद्यालय सञ्चालकले राजनीतिक नेतृत्व तथा सरकारी संयन्त्रलाई आर्थिक प्रभावमा पार्ने गरेकै कारण सरकार र राजनीतिक दलहरु निजी विद्यालयको पक्षमा देखिने गरेका छन् ।

संघीयताको पूर्ण अभ्यास गरेको ७ वर्ष भइसक्दासमेत सरकारले नयाँ शिक्षा ऐन ल्याउन सकेको छैन । वि.सं २०२८ को पञ्चायतकालीन शिक्षा ऐनलाई नै टालटुल पार्दै विद्यालय शिक्षा चलाइरहेको छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने र शिक्षाको हक प्रदान गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा सरेपछि स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहले कार्यान्वयन गर्ने शिक्षासम्बन्धी २३ वटा शीर्षक निर्धारण गरियो । सोहीबमोजिक संघीय र प्रादेशिक शिक्षा ऐनबिना नै कतिपय स्थानीय तहले शिक्षा ऐन, नियम बनाएर लागू गरिरहेको अवस्थामा सरकारले संघीय शिक्षा ऐन ल्याउन ढिला गर्नु हुन्न । विद्यालय शिक्षाको विकासमा सरकार सधैं अनुदार भएर तदर्थवादमा चल्नु हुँदैन । आन्दोलनरत पक्षहरुसँग वार्ता र सहमति गर्दै जतिसक्छ चाँडो शिक्षा ऐनको मस्यौदा संसदमा पेश गरेर नयाँ शिक्षा ऐन ल्याउन सरकार गम्भीर बन्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | ५२०४९५ | फापरबारी इलाका | ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल | १०० | चित्लाङ इलाका | ६२१००० |
| ट्राफिक प्रहरी | १०३ | वारुण यन्त्र | १०१ |
| वडा प्रहरी | ५२०२९९ | बालबालिका खोजतलास केन्द्र | १०४ |
| पशुपतिनगर इलाका | ५२०५९८ | बाल हेल्पलाइन | १०९८ |
| मनहरी इलाका | ९८५५०९०१६१ | हेलो सरकार | ११११ |
| भीमफेदी इलाका | ६९१४६२ | नेपाल टेलिकम सोधपुछ | १९७ |
| पालुङ इलाका | ६२०४६७ | | |

## तपाईको राशिफल

**पं. ज्योतिषः तोयानाथ सुवेदी**
**ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने**
**सम्पर्क : ९७४५०२८५५५**

**मेष** : आफन्तबाट सहयोग प्राप्त हुने समयको योग छ ।
**वृष** : भ्रम र अहंकारले मनमा डेरा जमाउने योग छ ।
**मिथुन** : पारिवारीक सहयोग प्राप्त हुने समयको योग छ ।
**कर्कट** : मिष्ठान्न भोजन प्राप्त हुने समयको योग छ ।
**सिंह** : आत्मविश्वासमा अभिवृद्धि हुने समय छ ।
**कन्या** : राज्यपक्षबाट लाभ प्राप्त रहने समयको योग छ ।
**तुला** : अरुको काममा समय व्यतित हुने समयको योग छ ।
**वृश्चिक** : अस्वस्थताले कामकाजमा असर पर्न सक्छ ।
**धनु** : शारीरिक रोग व्याधको कारण पीडा हुने समय छ ।
**मकर** : कामधन्दा र श्रमजन्य कामबाट लाभ हुने छैन ।
**कुम्भ** : घरायसी समस्यामा वृद्धि योग रहने समय छ ।
**मीन** : आकस्मिक स्वास्थ्य समस्या बढ्ने समयको योग छ ।

---

# विद्यार्थीका लागि क्यानडा अध्ययन अवसर, तर निरन्तरतामा चुनौती

विद्यार्थीहरूले हाल क्यानडामा मानसिक स्वास्थ्य समस्या सामना गरिरहेका छन । सबैभन्दा बढ्दो चिन्ता कमजोर मानसिक स्वास्थ्यको कारणले उनीहरूको शैक्षिक सफलतामा पनि नकारात्मक असर गरिरहेको छ ।

**✍ सुमन पौडेल**

पछिल्लो समय नेपाली विद्यार्थीहरूको अध्ययनको प्रमुख गन्तव्य क्यानडा भएको छ। उच्च शिक्षा अध्ययन गर्नका लागि नेपाली विद्यार्थी क्यानडा जाने संख्या बढ्दो छ । क्यानडाले अन्तर्राष्ट्रिय विद्यार्थीहरूको अध्ययनका लागि सजिलो भिसा नीति अंगीकार गरेको छ। त्यस्तै अध्ययन पश्चात् निश्चित अवधिका लागि काम गर्न अनुमति दिने र उनीहरूको स्थायी बसोबासका लागि पनि अन्य विकसित देशका तुलनामा सजिलो प्रावधानहरू निर्धारण गरेको छ।

क्यानडाको संघीय सरकारले सन् २०२५ सम्म क्यानडाको श्रम बजारमा रहेको दक्ष कामदारको अभावलाई पूर्ति गर्न तथा क्यानडाको आर्थिक सम्बृद्धिमा टेवा पुऱ्याउने हेतुले वैधानिक रुपमा प्रत्येक वर्ष करिब ५,०००,०० आप्रवासी भित्र्याउने नीति अंगीकार गरेको छ ।

साथै क्यानडालाई विद्यार्थीहरूको आगमनबाट वैदेशिक आय प्राप्त हुने तथा तत्काल आफ्नो श्रम बजारमा रहेको कामदारको अभावलाई पनि परिपूर्ति गर्न सहयोग पुग्ने हुँदा क्यानडाले अन्तर्राष्ट्रिय विद्यार्थीहरूको आगमनलाई विशेष प्राथमिकता दिइरहेको छ ।

क्यानडाको सरकारी संघीय निकाय आप्रवासन, शरणार्थी र नागरिकता क्यानडाको तथ्याङ्क अनुसार १८४ देशहरूबाट सन् २०१९ मा ४००,६००, सन् २०२० मा कोभिड महामारीका कारणले अन्तर्राष्ट्रिय विद्यार्थीहरूको आगमनलाई रोकिएको बाहेक सन् २०२१ मा ४४४,२६० र सन् २०२२ मा ८०७,७५० अन्तर्राष्ट्रिय विद्यार्थीहरु अध्ययनका लागि क्यानडामा अनुमति दिएको छ । सन् २०२२ मा क्यानडामा अन्तर्राष्ट्रिय विद्यार्थीहरु आगमन क्यानडाको इतिहासमा आफैंमा एउटा रेकर्ड भएको छ। सन् २०२३ अन्त्यसम्ममा यो संख्या अझै उल्लेख्य रुपमा बढ्नेमा कुनै शंका छैन ।

सन् २०२२ मा क्यानडाको अर्थतन्त्र विश्वको ८ औं ठूलो अर्थतन्त्र भएको छ। यसको कुल ग्राहस्थ्य उत्पादन २.२२१ ट्रिलियन अमेरिकी डलर रहेको छ । यो विश्वको सबैभन्दा ठूलो व्यापारिक राष्ट्रहरूमध्ये एक हो, जसको अत्यधिक भूमण्डलीकृत अर्थव्यवस्था छ । रियल इस्टेट, निर्माण, र खनिज उत्खनन क्यानडाको अर्थव्यवस्थाको प्रमुख चालकहरू हुन । यहाँको अर्थतन्त्र तीव्र रुपमा फस्टाउँदै पर्याप्त अवसरहरू सृजना भएकोले पछिल्लो समय स्थायी बसोवास र सुखद भविष्यको लागि आप्रवासन खोज्नेहरूका लागि क्यानडा प्रमुख रोजाई भएको छ ।

यसरी हेर्दा क्यानडा अन्तर्राष्ट्रिय विद्यार्थीहरूको उज्ज्वल भविष्यका लागि पनि सुवर्ण अवसर भएको देश हो । समग्रमा, अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लागि क्यानडामा अध्ययन एक सुवर्ण अवसर भएतापनि, वर्तमानमा उनीहरूका सामु चुनौतीहरु पनि उत्तिकै छन् । भाषा अवरोध, संस्कृतिको भिन्नता, आर्थिक बोझ, आवास र स्वास्थ्य सेवामा सहज पहुँचको कमी अन्तर्राष्ट्रिय विद्यार्थीहरूले क्यानडा आउँदा सामना गर्नु पर्ने केही महत्वपूर्ण चुनौतीहरू हुन् ।

आधिकारिक रुपले पुष्टि नगरे पनि पछिल्लो केही समयदेखि क्यानडाको अर्थतन्त्रमा मन्दी देखिएको छ । कुल ग्राहस्थ्य उत्पादन घट्दो अवस्थामा छ । मुद्रास्फीतिको दर पनि करिब ८ प्रतिशतमा पुगेको छ । श्रम बजारमा रोजगारीहरू उल्लेख्यरुपमा कटौती भइरहेको छ। बैंकको ब्याजदर क्यानडाको इतिहासमै उच्च दरमा पुगेको छ । ब्याजदर उच्च हुँदा घर जग्गाको किस्तामा अत्यधिक बृद्धि भएको छ । यसले क्यानडामा बसोवास गरिरहेको नागरिकहरूको जीवनमा प्रतिकुल असर गरिरहेको छ । मानिसहरूको खर्च गर्ने क्षमतामा ह्रास आउँदा व्यापारमा गिरावट भई रोजगारीको अवसरहरूमा संकुचन आएको छ ।

हाल क्यानडाको सबै भन्दा बढी जनसंख्या भएको ओन्टारियो प्रदेशमा मन्दीको प्रभाव बढी देखिएको छ । तुलनात्मरुपमा अन्य कम जनसङ्ख्या भएका प्रदेशहरूमा मन्दीको प्रभाव अलि कम छ। मन्दीले रोजगारीको अवसरहरू कटौती हुँदा यसको प्रभाव क्यानडामा अवस्थित अन्तर्राष्ट्रिय विद्यार्थीहरूमा पनि परेको छ । अन्तर्राष्ट्रिय विद्यार्थीहरू अध्ययनका लागि आउने प्रदेशहरूमा प्राय ओन्टारियो, क्यूबेक, ब्रिटिस कोलम्बिया, अलबर्टा र मानिटोवाहरू पर्दछन् । क्यानडाको सबैभन्दा बढी जनसंख्या (करिब ४० प्रतिशत) भएको ओन्टारियो प्रदेशमा धेरै अन्तर्राष्ट्रिय विद्यार्थीहरू (तथ्याङ्कका अनुसार) अध्ययनका लागि आउने हुँदा यहाँका अन्तर्राष्ट्रिय विद्यार्थीहरूमा मन्दीको प्रभाव अलि बढी देखिएको छ ।

अन्तर्राष्ट्रिय विद्यार्थीहरूले भोग्नु पर्ने समस्याहरू पहिले देखि नै थुप्रै थिए त्यसमा पनि अहिले आएर उनीहरूले काम नपाउने समस्या प्रमुख बनेको छ। क्यानेडियन सरकारले विद्यार्थीहरूलाई हप्तामा २० घण्टा काम गर्ने अनुमति दिएको छ । यसले उनीहरूलाई ग्रोसरी, कोठाभाडा तथा यातायातको शुल्क तिर्नका लागि मद्दत पुग्ने गर्दछ । तर कामको अवसर नपाउँदा हाल विद्यार्थीहरूलाई यी न्यूनतम आधारभूत खर्चहरू व्यवस्थापन गर्न अत्यन्तै धौधौ परेको अवस्था छ। नेपालबाट सधै पैसा मगाएर यी खर्चहरू धान्न विद्यार्थीहरूलाई गाह्रो छ किनकी अपवादबाहेक प्राय सबै अभिभावकहरूले ऋणधन गरेर नै आफ्ना सन्ततिहरूलाई वैदेशिक अध्ययनमा पठाएको स्थिति छ ।

पछिल्लो समय काम नपाएर बस्दा विद्यार्थीहरूले ग्रोसरी, कोठाभाडा लगायतका न्यूनतम् खर्चहरू तिर्न नसक्दा उनीहरूको दैनिक जीवनयापनमा समस्या त आएकै छ, सँगसँगै आगामी दिनहरूमा अध्ययनलाई कसरी निरन्तरता दिने भन्ने ठूलो चुनौती खडा भएको छ। फलस्वरुप अन्तर्राष्ट्रिय विद्यार्थीहरूले हाल क्यानडामा मानसिक स्वास्थ्य समस्या सामना गरिरहेका छन । सबैभन्दा बढ्दो चिन्ता कमजोर मानसिक स्वास्थ्यको कारणले उनीहरूको शैक्षिक सफलतामा पनि नकारात्मक असर गरिरहेको छ ।

हाल मानसिक स्वास्थ्यको कारणले क्यानडामा कतिपय अन्तर्राष्टिय विद्यार्थीहरूले आत्महत्या गरेका घटनाहरू बाहिर आएका छन् । अन्तर्राष्ट्रिय विद्यार्थीहरूका समस्याहरूबाट नेपाली विद्यार्थीहरू पनि क्यानडामा अछुतो छैनन् । क्यानडामा अहिले भइरहेको विद्यार्थीहरूको यस्तो अवस्थालाई उनीहरूका अभिभावकहरूले नजिकबाट बुझ्नु जरुरी छ। अभिभावकहरूले आफ्ना छोरा छोरीलाई अध्ययनका लागि क्यानडामा पठाइसके पछि उनीहरू कुन कुन समस्याहरूसँग जुधिरहेका छन भन्ने बारेमा पर्याप्त जानकारी लिन जरुरी छ।

साथै अहिलेको अफ्ट्रो अवस्थामा आफ्ना छोरा छोरीहरूलाई कसरी मनोवैज्ञानिक तथा आर्थिक रुपले सहयोग गर्ने भन्नेमा निरन्तर चासो राख्ने आवश्यक छ । उनीहरूको मनोबल उच्च राख्ने वातावरण बनाउन जरुरी हुन्छ। आफ्ना छोरा छोरीहरूलाई क्यानडा पठाइसकेपछि मेरो दायित्व कम भयो उनीहरूले आफै गरिहाल्छन् भनेर सोच्नु हुँदैन ।

अहिले श्रम बजारमा पर्याप्त कामहरूको अभाव भएको हुँदा सबै विद्यार्थीहरूले काम पाउन सक्ने अवस्था न्यून छ । त्यसैले अभिभावकले कम्तीमा पनि उनीहरूलाई ६ महिना सम्म ढुक्कसँग खान बस्ने व्यवस्था मिलाई उनीहरूको अध्ययनलाई अगाडि बढाउन सक्ने वातावरण बनाइदिनु पर्छ। अहिले क्यानडामा मुद्रास्फीति र बैंक ब्याजदर उच्चदरमा भएको हुँदा घर भाडा, खाद्यवस्तुलागायत अन्य आधारभूत सामग्री अत्यधिक महंगो भएको छ। बैंक ब्याजदर अत्यधिक बढेकाले घर धनीलाई पनि घरको बैंक किस्ता तिर्न अफ्ट्यारो परेको हुँदा घर भाडा पनि अत्यधिक बृद्धि भएको छ ।

प्राय नेपाली विद्यार्थीहरूले नेपालीकै घरमा भाडामा बस्न मन पराउने हुन्छन् । उनीहरूलाई घरधनीले केही हदसम्म सहुलियत दरमा कोठामा भाडामा दिएर सहयोग गर्दा ठूलो राहत हुने थियो । अहिले क्यानडामा घरधनीहरूले विद्यार्थीहरूसँग चर्को भाडा रकम असुलिरहेको भन्ने गुनासो आइरहेको छ। यस सम्बन्धमा कम्तिमा नेपाली घरधनीले बिचार गरी सहयोगी भावना देखाउँदा क्यानडामा नेपाली समाजको विकासमा ठूलो योगदान पुग्ने थियो ।

क्यानडामा रहेको नेपाली उद्यमी तथा व्यवसायीहरुले नेपाली विद्यार्थीहरुलाई रोजगारीमा प्राथमिकता दिने बातारवरण बनाउदा यसले विद्यार्थीहरूमा सकारात्मक सन्देश प्रवाह हुन्छ । क्यानडामा रहेका एनआरएनएलगायत नेपाली संघ संस्थाहरूले आफ्नो संस्थामा हेल्प डेस्क तथा सूचना केन्द्रको स्थापना गरी नेपाली विद्यार्थीहरूलाई परेका यावत समस्याहरूमा सहयोग गर्ने वातावरण बनाउन जरुरी छ ।

सकेसम्म यस्ता हेल्पडेस्क तथा सुचना केन्द्रको मार्फत विद्यार्थीहरूलाई रोजगारी प्रदान गर्ने ऐजेन्सीहरूसँग समन्वय गरिदिने, त्यसको सूचना प्रवाह गरिदिने, रोजगारमा संग्लन नेपालीहरूले विद्यार्थीहरूलाई आफूले काम गर्ने कार्यस्थलमा सिफारिस गरिदिने गर्दा यसले नवआगन्तुक विद्यार्थीहरूलाई काम पाउन केही हदसम्म सहयोग पुग्ने थियो ।

स्वयम् विद्यार्थीहरूले पनि क्यानडामा अत्यधिक माग भएका कामहरू जस्तो पेण्टिंग, हेयर कटिंग, व्युटी पार्लर, नेलआर्ट, वेटर, पिज्जा बनाउने, फ्लोरिंग, पार्र्केटिंग, रुफिंग, कार्पेन्टर, प्लास्टरिंग,कुक हेल्पर, सामान्य इलेक्टिसियन र प्लम्बिंगको काम,टायर पंचटको काम, कारमा कालो सिसा वा स्टीकर लगाउने,डाटा इन्ट्री,सफ्टवेयर डेभलेप्मेन्ट, वेल्डिंग, हेल्थ केयर टेकर, प्याकेजिंग, लेबलिंग,फुड डेलिभरी, सेक्यरिटी गार्ड जस्ताकोकामको अनुभव लिएर आउँदा यहाँ काम पाउन सजिलो हुन्छ। कतिपय प्राविधिक कामहरू सिकेर सिप विकास केन्द्रबाट त्यसलाई प्रमाणित गरेर प्रमाण पत्र ल्याउँदा अझ राम्रो हुन सक्दछ । नेपाली विद्यार्थीहरूले अग्रेंजीभाषामा दख्खलता हासिल गर्दै इंटरपर्सनल तथा कम्युनिकेसन सीप बढाउँदा उनीहरूको आत्मविश्वास उच्च भइ क्यानेडियन श्रम बजारमा काम पाउन निकै फलदायी हुन्छ ।

हालको समयमा क्यानडामा अध्ययनका लागि आउने नेपाली विद्यार्थीहरूले क्यानडा सोचे जति सजिलो छैन तर विद्यार्थीहरूका लागि यो देश अवसरै अवसरले भरिएको छ भनेर सकारात्मक सोच लिएर आउँदा अहिलेको बिषम परिस्थितिमा विद्यार्थीहरूलाई काम र अवसरको खोजीमा मेहनत र संघर्ष गर्न थप टेवा पुग्नेछ । यसका लागि विद्यार्थीहरू क्यानडामा स्थापित भएका आफूभन्दा अग्रजहरूसँग बढी भन्दा बढी सम्पर्कमा रहनुपर्दछ । विद्यार्थीहरू पनि हरेश नखाई लगातार हरेक माध्यमबाट कामको खोजीमा निरन्तर लाग्नुपर्छ जसले उनीहरूलाई अवश्य पनि काम प्राप्त अवसर सृजना गर्नेछ ।

अहिले सेप्टेम्बर इनटेकमा करिब ५००० नेपाली विद्यार्थीहरू क्यानडा अध्ययनका लागि आउन लागेको जानकारी प्राप्त भएको छ। नवआगन्तुक नेपाली विद्यार्थीहरूलाई क्यानडामा स्थापित संघ संस्था तथा, व्यक्तिहरूले आ-आफनो तवरबाट कुनै न कुनै रुपमा सहयोग गर्ने वातावरण बनाउन जरुरी छ। नवआगन्तुक विद्यार्थीहरूको व्यवस्थापनमा सानो मात्र पनि योगदान पुराउन सक्दा क्यानेडियन नेपाली समाजको विकास र आगामी दिनहरूमा नेपालको सामाजिक तथा आर्थिक सम्बृद्धिमा पनि टेवा पुराउन सकिन्छ। *(स्रोतः ईकागज)*

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

# उपमहानगरसँग छैन धान खेती भएको जमिनका तथ्याङ्क

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाको ९ हजार ५ सय ९२ दशमलव ८१ हेक्टर खेतियोग्य जमिन रहेको छ । ती जमिन मध्ये कृषकले कति क्षेत्रफल खेती गर्दै आएको छ भन्ने विवरण भने हेटौँडा उपमहानगरसँग छैन। उपमहानगर क्षेत्रभित्र ९० प्रतिशत धान रोपेर सकेको तर कति हेक्टर क्षेत्रफल जमिनमा यसपालि धान खेती भयो भन्ने तथ्याङ्क नभएको हेटौँडा उपमहानगरपालिकाको कृषि शाखाकी अधिकृत गंगा कुमारी चौलागाईंले बताउनुभयो ।

चौलागाईंका अनुसार हेटौंडा उपमहानगरपालिकाले किसानलाई बीउ अनुदान, घाँसको बीउ वितरण, उत्पादकत्व वृद्धिका लागि प्रविधि, सिँचाई, विषादी वितरण, प्राविधिक सेवामा अनुदान दिँदै आएको छ । उपमहानगरपालिकाले कृषि उपजका लागि चालु आर्थिक वर्ष २०८०/८१ का लागि ४ करोड ४१ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । आवश्यक माग बमोजिम पर्याप्त मल किसाानलाई पुऱ्याउन नसकेको चौलागाईंले बताउनुभयो ।

यसैगरी अहिलेको समयमा उन्नत जातको बीउ रोज्दा मकैको सिपिआरसिआर, राम धान, राधा-४, जातको बीउ उपयुक्त रहेको छ । आलुको डेजीरे र जनकदेव जातको बीउ १२, १३, १४, १६ र १७ नम्बर वडामा लेडी जातको मेवा खेती गर्दै आइरहेको छ। ड्राइगन फ्रुट रातो र सेतो जातको लगाउँदा राम्रो र उपयुक्त हुने उहाँ बताउनुहुन्छ ।

हेटौंडा उपमहानगरपालिकाले जङ्गल ४५ दशमलव ८८ प्रतिशत (१२००२.४० हेक्टर), कृषि क्षेत्रले ३६ दशमलव ६७ प्रतिशत (९५९२.८१ हेक्टर), आवासीय क्षेत्र ८.०८ प्रतिशत, नदीखोला ५ प्रतिशत (२११४.६५ हेक्टर), सार्वजनिक क्षेत्र २.२४ प्रतिशत (५८४.७१ हेक्टर), औद्योगिक क्षेत्र १.७५ प्रतिशत (४४५७.१७ हेक्टर), व्यावसायिक क्षेत्र ०.१६ प्रतिशत (४२.९६ हेक्टर), साँस्कृतिक ०.०९ प्रतिशत (२४.४३ हेक्टर), खनिज ०.०१ प्रतिशत (३.११ हेक्टर), र अन्य ०.१२ प्रतिशत (३०.३९ हेक्टर) भुभाग ओगटेको छ ।

# नवसर्जकको १४ औँ शृङ्खला सम्पन्न

समाज संवाददाता

हेटौँडाः नवसर्जक साहित्य चौतारी नेपालको १४ औँ मासिक शृङ्खला भर्चुअल माध्यम (गुगल मिट) मार्फत सम्पन्न भएको छ । चौतारीकी केन्द्रीय अध्यक्ष प्रसन्ना चौलागाईंको अध्यक्षता एवम् चौतारीका सुदूरपश्चिम प्रदेशका संरक्षक तथा अग्रज साहित्यकार रामचन्द्र नेपालको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा चौतारीका संरक्षक एवम् परिकल्पनाकार दीपक गौतमको विशिष्ट आतिथ्य रहेको थियो ।

चौतारीका केन्द्रीय सल्लाहकार डिबी बर्तौला, वाग्मती प्रदेश सल्लाहकार शान्ता दाहाल, साहित्यकार देवराज तिवारी, चौतारीकी संस्थापक उपाध्यक्ष कृतिका लौडारीको समेत आतिथ्य रहेको थियो । कार्यक्रममा विशेष रचना वाचकको रूपमा सहभागी केन्द्रीय उपाध्यक्ष एवम् वाग्मती प्रदेश संयोजक उषाकिरण अधिकारीले आफ्ना प्रतिनिधि पाँच गद्यकविता वाचन गरेकी थिइन् । कार्यक्रममा चौतारीकी अध्यक्ष प्रसन्ना चौलागाईं, वरिष्ठ उपाध्यक्ष विभूति अधिकारी, महासचिव समर्पण न्यौपाने, सुदूरपश्चिम प्रदेशका सचिव प्रकाश बडुलगायतले कविता वाचन गरेका थिए ।

कार्यक्रममा पठन संस्कृति प्रबर्द्धनका क्रममा नवसर्जक प्रेरक गौतमले शान्ता सिम्खडाकृत कथा सङ्ग्रह 'प्रेरक कथाहरू' को कृति समीक्षा प्रस्तुत गरेका थिए । डेढ दर्जन नवसर्जकको उपस्थिति रहेको कार्यक्रमको सहजीकरण चौतारीका महासचिव समर्पण न्यौपानेले गरेका थिए । चौतारीले हरेक महिनाको अन्तिम शनिबार नियमित मासिक शृङ्खला आयोजना गर्दै आएको छ भने समयसमयमा विधाविशेष प्रशिक्षण अभियानका साथै प्रादेशिक एवम् राष्ट्रिय बालसाहित्य उत्सव आयोजना गर्दै आएको छ ।

# श्रमिकको न्यूनतम पारिश्रमिक १७ हजार ३ सय

काठमाडौँः सरकारले श्रमिकको न्यूनतम पारिश्रमिक बढाएर मासिक १७ हजार ३ सय रुपैयाँ पुऱ्याएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन २०७४ अनुसार १ साउन २०८० बाट लागू हुनेगरी श्रमिकको न्यूनतम पारिश्रमिक बढाएको हो। मन्त्रालयको निर्णय बिहीबार राजपत्रमा समेत प्रकाशित भएको छ ।

मन्त्रालयका अनुसार अब चिया बगानबाहेकका श्रमिकको हकमा मासिक पारिश्रमिक १७ हजार ३ सय रुपैयाँ पुगेको छ । यसअघि श्रमिकको मासिक न्यूनतम पारिश्रमिक १५ हजार रुपैयाँ रहेको थियो।

अहिले श्रमिकको आधारभूत पारिश्रमिक १० हजार ८ सय २० र महंगी भत्ता ६ हजार ४ सय ८० रुपैयाँ गरी १७ हजार ३ सय पुऱ्याइएको हो । यसअघि आधारभूत पारिश्रमिक ९ हजार ३ सय ८५ र मंहगी भत्ता ५ हजार ६ सय १५ रुपैयाँ रहेको थियो ।

मन्त्रालयका अनुसार अब श्रमिकको दैनिक पारिश्रमिक ६ सय ६८ रुपैयाँ पुगेको छ । यसअघि यो रकम ५ सय ७७ रुपैयाँ रहेको थियो । आंशिक समयमात्र काम गर्ने कामदारको अब न्यूनतम पारिश्रमिक ९५ रुपैयाँ प्रतिघण्टा पुगेको छ । यसअघि यो रकम ७७ रुपैयाँ प्रतिघण्टा रहेको थियो ।

चिया बगानका श्रमिकको हकमा भने मासिक पारिश्रमिक १३ हजार ८ सय ९३ रुपैयाँ पुगेको छ । उनीहरुको दैनिक पारिश्रमिक ५ सय रुपैयाँ र प्रतिघण्टा ६६ रुपैयाँ पुगेको छ। यसअघि सरकारले २०७८ सालमा श्रमिकको पारिश्रमिक निर्धारण गरेको थियो ।

यस पारिश्रमिकका अतिरिक्त श्रमिकले सामाजिक सुरक्षा ऐनले तोकेका सुविधाहरु, श्रम सम्झौता, नियुक्तिपत्र, सञ्चयकोष तथा उपदान अनिवार्यरुपमा पाउने मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले जानकारी दिएका छन्। उनका अनुसार स्थानीय तहले समेत अब यो सूचनामा तोकिएको भन्दा कम नहुने गरी न्यूनतम पारिश्रमिक तोक्नुपर्ने भएको छ। यो रकम भन्दा न्यूनतम हुने गरी अब पारिश्रमिक तोकेर रोजगार सम्झौता गर्न नपाइने मन्त्रालयले जनाएको छ ।

(स्रोतः अनलाइनखबर)

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

बालबालिकालाई मैत्रीपूर्ण
वातावरणमा पढ्न, लेख्न सिकाउन
अभिभावक जिम्मेवार बनौं ।

# ॐ वृद्धाश्रमको वार्षिक साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२, चौकिटोलस्थित ॐ वृद्धाश्रमको १७ औँ वार्षिक साधारणसभा बिहिबार सम्पन्न भएको छ । आश्रममा १० वृद्धा र १५ वृद्ध गरी २५ जना वृद्धवृद्धा आश्रित छन् ।

आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठको अध्यक्षता तथा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयका सचिव भीष्म कुमार भुसालको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो । साधारणसभाको उद्घाटन सत्रमा वडा अध्यक्ष, विष्णुगोपाल महर्जन, हेटौँडा उपमहानगरपालिकाको सामाजिक विकास महाशाखाका अधिकृत भैरव बहादुर कुमाल, ज्येष्ठ नागरिक मञ्च मकवानपुरका अध्यक्ष हरि सिग्देल, आश्रमका पूर्वअध्यक्ष बुद्धिप्रसाद पौडेल, मामाघर नेपालका संरक्षक अर्पण पराजुलीको पनि आतिथ्य रहेको थियो । साधारणसभामा कोषाध्यक्ष र सचिवको प्रतिवेदन सर्वसम्मत अनुमोदन भएको थियो भने आश्रमलाई सहयोग गर्नेलाई सम्मानपत्र प्रदान गरिएको थियो ।

# विद्यार्थी संगठनको ध्यानाकर्षण

समाज संवाददाता

हेटौंडाः स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) ले हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पस प्रशासनको ध्यानाकर्षण गराएको छ। विधान भन्दा बाहिर रहेर प्राध्यापक नियुक्त गरेको भन्दै स्ववियुले ध्यानाकर्षण पत्र बुझाएको हो । नेपाली विषयको एकजना प्राध्यापकको अनिवार्य अवकासपछि रिक्त रहेको पदमा ३ जनालाई नियुक्त गरेको भन्दै स्ववियुले विरोध जनाएको हो । यस्तै बिहिबार अनेरास्ववियू मकवानपुर बहुमुखी क्याम्पस कमिटीले पनि क्याम्पस प्रशासनलाई ध्यानाकर्षण गराएको छ । बुधबार स्ववियुले क्याम्पस प्रशासनलाई ध्यानार्षणपत्र बुझाएको थियो भने बिहिबार अनेरास्ववियुले क्याम्पस प्रशासनलाई ध्यानाकर्षणपत्र बुझाएको छ।

# करेन्ट लागेर हेटौंडामा एकजनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः करेन्ट लागेर हेटौंडामा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा हेटौंडा-३, लेवट जम्मुका ३२ वर्षीय अशोक स्याङ्तन रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

बुधबार साँझ ५ बजेको समयमा खेतमा पानी लगाउने क्रममा स्याङ्तानलाई पानी तान्ने मेसिनबाट अचानक करेन्ट लागेको थियो। करेन्ट लागेका स्याङ्तानलाई उपचारका लागि हेटौंडा अस्पतालमा ल्याइएकोमा बुधबार साँझ ५ बजेर २५ मिनेटको समयमा मृत्यु भएको हो । स्याङ्तानको शव पोष्टमार्टमका लागि अस्पतालमै राखिएको छ।

# 'ज्वरो क्लिनिकल' गर्न अस्पताललाई निर्देशन

काठमाडौँः स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले डेंगुको सङ्क्रमण बढ्दै गएपछि सबै अस्पताललाई डेंगु सङ्क्रमणको उपचार प्रभावकारी गर्न निर्देशन गरेको छ। महाशाखाका निर्देशक डा. रुद्रप्रसाद मरासिनीले दैनिक डेंगुका सङ्क्रमण बढिरहेकाले संघीय अस्पताल र स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई आवश्यकतानुसार 'ज्वरो क्लिनिक' सञ्चालन गर्न आग्रह गरेका छन्।

उनले अस्पतालमा डेंगु रोगको चापका आधारमा ज्वरोको स्क्रिनिङका लागि ज्वरो क्लिनिकल सञ्चालन गर्नुपर्ने बताए । उनका अनुसार डेंगु सङ्क्रमण अहिलेसम्म १४ हजार तीन सय ५७ जनामा देखिएको छ। यस्तै, सङ्क्रमण ७५ जिल्लामा फैलिएको र अहिलेसम्म १० जनाको सङ्क्रमणको कारणले निधन भइसकेको छ।

सबैभन्दा बढी सुनसरी जिल्लामा सात हजार चार सय ९५ जनामा सङ्क्रमण देखिएको छ। सुनसरी जिल्लामा मात्र कुल सङ्क्रमितको ५२ दशमलव दुई प्रतिशत रहेका छन्। महाशाखाका निर्देशक डा. मरासिनीले डेंगु रोगको सही निदान र उपचार व्यवस्थापन गर्नसमेत अस्पताललाई निर्देशन दिएका छन्। (स्रोतः रासस)

# मकवानपुर बालविद्या सदन

## हेटौंडा-१८, खड्कुले

# प्रेरणादायी व्यक्तित्व ॐ भक्त भण्डारी



जहाँ इच्छा, त्यहाँ उपाय । खाने मुखलाई जुँगाले छेक्दैन । यि माथिका दुई नेपाली उखानका पर्याय हुन् विराट र बहुमुखी प्रतिभाका धनी ॐ भक्त भण्डारी ।

हर्नामाडी मात्र नभएर मकवानपुर आसपासमा समेत आफ्नो प्रतिभाको परिचय दिइसकेका यिनी हर्नामाडी क्षेत्रका लागि चिरस्मणीय स्रष्टा हुन् । विक्रम सम्वत् २०१२ साल माघ महिनामा मकवानपुरको दुर्गम ठाउँ महादेवटारमा जन्मेका उनले जीवनमा दुःख सुखका अनेकौं ओकाली ओराली भोगेका छन् ।

औपचारिक शिक्षा भन्नु कक्षा ३ को परीक्षा दिएको मात्र याद छ उनलाई, त्यो पनि घर मै पढेर । पाँच वर्षको उमेरदेखि नै अक्षर चिन्ने थालेका उनी बाह्रखरी र चण्डी किताब पढ्ने गर्थे । सानै उमेरदेखि जिज्ञासु स्वभावका उनी हरेक कुरालाई गहिरिएर बुझ्ने प्रयास गर्थे । कुनैपनि बस्तुहरु देख्ने बितिकै त्यसले कसरी काम गर्छ होला ? त्यो कसरी बन्यो होला ? त्यसलाई छोयो भने कस्तो हुन्छ होला ? भन्ने उनलाई खुल्दुली लाग्थ्यो । सानोमा एकपटक जंगलमा बाखा चराउन जाँदा आकासमा हेलिकप्टर उडेको देख्दा उनलाई पनि हेलिकप्टर बनाउन इच्छा जाग्यो । अनि बनाई हाले गुजरगानाको हेलिकप्टर । समय मै केही ज्ञान लिने मौका पाएको भए र सामान जुटेको भए साँच्चैको उड्ने हेलिकप्टर बनाउँथे भन्ने उनलाई अझै पनि लाग्छ ।

उनको बाल्यकाल घट्ट जाने, खेतिपाति गर्ने, घाँसपात जाने गरेर नै बित्यो । विद्यालय शिक्षा लिन पाएनन् । तर उनको जिज्ञासु स्वभावले उनलाई मूर्तिकार, प्लम्बर, इलेक्ट्रिसियन, सिकर्मी, योजनाकार, साहित्यकार, सामाजिक अभियन्ता लगायतका धेरै परिचय दियो । महादेवटारबाट २०२७ सालमा उनको परिवार हर्नामाडी बसाइँ आएको थियो। बुवा सिकर्मी हुनुहुन्थ्यो। बुवालाई पछ्याउँदै गर्दा १५, १६ वर्षमा त उनी काठको हेड मिस्त्री नै बनिसकेका थिए। उनको घरमा प्रयोग भएको काठको भऱ्याङ पनि आफैंले बनाएका हुन् ।

यसैबीच २०६९ सालमा उनकै घर छेउ गुम्बाडाँडामा अन्तर्राष्ट्रिय मूर्तिकलाको कार्यशाला हुने भयो । सात देशका मूर्तिकारहरु आएर ढुङ्गा खोपेर विभिन्न आकृतिका मूर्ति बनाउने भए । सबैले मूर्ति निर्माण गरेको देख्दा उनलाई पनि मूर्ति निर्माण गर्ने इच्छा जाग्यो । हर्नामाडी कै व्यावसायिक मूर्तिकार लक्ष्मण भुजेलको प्रेरणाले मूर्तिकलामा समेत उनी अघि बढे। फलस्वरूप उनले सोही कार्यशालामा स्थानीय सहभागीको रुपमा जीवनमा पहिलोपटक कछुवाको मूर्ति बनाए । गुम्बाडाँडा घुम्न आउने जोकसैले त्यो मूर्ति अवलोकन गर्न सक्छन् । उनको मूर्ति निर्माणको भोकले उनलाई धेरै ठाउँ पुऱ्यायो । सामरीको धनडाँडामा रहेको आमाको विशाल मूर्ति (संयुक्त रुपमा निर्माण), जनप्रिय मावि चिसापानीको प्राङ्गणमा रहेको भानुभक्तको मूर्ति, शहिद बासुदेव घिमिरेको मूर्ति उनले निर्माण गरे ।

किसान परिवारमा जन्मेका कारणले पनि होला उनलाई खेती किसानीको बारेमा पनि प्रशस्त ज्ञान थियो । त्यस बखत २०५३ साल ताका हर्नामाडीमा पानीको निकै अभाव थियो । सिँचाई पुऱ्याउन सके त कृषि उत्पादन बढाउन सकिन्थ्यो भन्ने उनलाई लाग्यो। त्यसबाट जन्मियो गोरक्ष ताल निर्माण गर्ने योजना । अग्लो स्थानमा जंगलको फेदी पारेर बर्षाको पानी जम्मा गर्ने र सोही पानी हर्ना फाँटसम्म पुऱ्याउने सोचले तालनिर्माण भयो । तर पानी ल्याउन त्यति सहज थिएन । पानी ल्याउनका लागि डाँडाको वरिपरि घुमाएर कुलो बनाउन धेरै समय र खर्च लाग्ने भयो । त्यसपछि उनले नयाँ जुक्ति निकाले डाँडालाई सुरुङले छेड्ने। सबैले असम्भव जस्तै ठाने । तर उनलाई सानै उमेरमा काठमा प्वाल खोप्दा दुई तर्फबाट खोपेर पनि सही दिशा पकडेको अनुभवले काम गर्छ भन्ने लाग्यो । नभन्दै उनले यो असम्भव जस्तो देखिने कामलाई सम्भव तुल्याई दिए । तर त्यो सुरुङलाई पक्का बनाउन नपाउँदै बर्खा लागेर सबै सुरुङ भत्कियो। पछि त्यही भत्किएको सुरुङलाई मर्मत गर्ने योजना तत्कालिन गाविस अध्यक्षले ल्याए । तर उनले त्यो सुरक्षीत नहुने सुझाए र अर्को स्थानबाट सुरुङ खन्ने प्रस्ताव गरे । फेरी भत्किए पैसा मात्र खेर जाने भन्दै उनी माथि सबैले शंका गरे । यो पटक काम सफल नभए पैसा नदिने शर्त राख्दै अध्यक्षले काम गर्ने अनुमति दिए । उनले हुन्छ भने ।

उनले लिएको लक्ष्य अनुसार नै २९ दिनको दिन रातको ८ बजे सुरुङ वारपार गरिदिए। उनको यो सीप देखेर तत्कालीन सडक विभागका प्रमुख इन्जिनियर नै अचम्ममा परेका थिए । पछि सो सुरुङ भित्र ह्युमपाइम राख्न पनि सिकर्मीको सीप काम लागेको थियो । उनले ह्युम पाइप तान्न काठको यन्त्र बनाएका थिए। सुरुङ निर्माणको कार्यमा उनका दुई साथी किरण थापा र राम प्रसाद पराजुलीको समेत महत्वपूर्ण साथ थियो । सरकारी संस्थाको समेत ध्यानाकर्षण भएको त्यस योजनाले अन्ततः बरौली सिँचाई योजनाको नाम पायो । बाल्यकालमा गोठाला जाँदा साथीभाइहरुले विभिन्न नराम्रा अपशब्दको प्रयोग गर्ने, खराब आचरण र व्यवहार गर्ने गर्थे । उनलाई त्यो मन परेन । त्यसपछि भगवानको मोहनीमा भुल्नको लागि उनी भजन कीर्तनमा संलग्न भए ।

बोलीमा सुधारसँगै मनोरञ्जन पनि हुन थालेपछि उनी भजनतर्फ झन आकर्षित भए । त्यहाँ पनि उनले हाम्रो लोकप्रिय बाजा खैंजडी लोप हुँदै गएको महसुस गरे र खैंजडी भजन जोगाउन प्रयत्न स्वरुप कालिका भजन समूह गठन गरे । उनी संलग्न समूहले विभिन्न धार्मिक कार्यक्रमहरुमा रातभरी खैंजडी भजन गाउँछन् । कहिलेकाहीँ सामाजिक विषयवस्तुमा समेत उनको खैंजडी घन्कने गरेको छ। उनी सात मिनेटसम्म शंख बजाउन सक्छन् । भ्रष्टाचार विरोधि अभियानमा समेत उनको शंखको ध्वनि गुञ्जेको छ । साहित्यमा एकदमै धेरै चाख राख्ने उनले पहिलोपटक "र माईलो नानी" भन्ने किताब पढेका थिए। विशेषगरी मुक्तक उनको रुचिको विधा हो । युगदर्पण साहित्य समाज नामको संस्थाको नेतृत्व पनि उनले लिएका छन् ।

उनले साहित्यको माध्यमबाट हाम्रो राष्ट्रको वर्तमान अवस्था झल्काउने र भ्रष्टाचारमा झुल्दै गएको संस्कृति र परम्पराको विरोध गर्ने कुरा मात्र गर्दैनन् सुशासनको कुरा पनि उठाउँछन् । यि बाहेक गाउँघरमा बिग्रेका मेसिन बनाइदिने, चित्र बनाउने लगायतका समेत धेरै काम उनी गर्छन् । कुनैपनि काम उनलाई सक्दिन भन्ने लाग्दैन । "हातले गर्ने काम पनि के सकिँदैन" भन्नु ! उनी प्रायः यसै भन्ने गर्छन् ।

अन्त्यमा उनी भन्छन्, व्यवस्थापन गर्न सक्यो भने मात्र कुनै एउटा काममा सफल हुन सकिन्छ। त्यहि व्यवस्थापनको अभावमा उनले मूर्तिकलालाई व्यवसायकारुपमा अघि बढाउन नसकेको गुनासो गर्छन् । उनले अहिलेसम्मको जीवन यात्रामा संख्यात्मक भन्दा गुणात्मक कार्यलाई प्राथमिकता दिएका छन् । औपचारिक शिक्षा नभए तापनि उनको सिक्ने इच्छाशक्तिको कारण उनी सबै सामु चिनिन सफल भए । अहिले ६८ वर्षको उमेरमा पनि यूवा जत्तिकै सक्रिय उनीबाट हामीले पनि धेरै कुरा सिक्न सक्छौं । उनी सबैका लागि एक प्रेरणका स्रोत हुन् । उनी एक यस्ता मोती हुन् जसले हर्नामाडी आसपासका क्षेत्रलाई निरन्तर चम्काइरहेको छ र चम्काई रहने पनि छ ।

(कक्षा ४ की रिहाना थापा, कक्षा ५ का गृष्मा लामिछाने, मौलिक श्रेष्ठ, कक्षा ६ का विनया दाहाल कक्षा ७ का कुशल खड्का, कक्षा १० का रविना सापकोटा, सौरव विडारी, आस्था बोहरा, कृशव अधिकारी, सुजता बराईली, स्मृती कार्कीले ॐ भक्त भण्डारीसँग गरेको अन्तरवार्ताको आधारमा तयार पारिएको)

सामुदायिक
रेडियो, रेडियो
निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## बालमैत्री पालिका घोषणा तयारी

# टोलस्तरीय बालमैत्री तालिम सम्पन्न

समाज संवाददाता

हेटौँडा: हेटौँडा उपमहानगरपालिका १ नम्बर वडामा टोल विकास संस्थाका सदस्यहरुलाई बालश्रम र बाल बिबाह अन्त्यका लागि टोल विकास समितिको दायित्व र कर्तव्यको बारेमा सचेतना जगाउने उद्देश्यले सञ्चालित बालमैत्री तालिम सम्पन्न भएको छ । तालिम बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम १ नम्बर वडा र बालकल्याण समाज मकवानपुरको सहकार्यमा सञ्चालन गरिएको हो ।

तालिम समापन कार्यक्रममा प्रमुख अतिथि वडाध्यक्ष सविन न्यौपानेले प्रत्येक टोल विकास समिति र विद्यालयका शिक्षकबाट कार्ययोजना बनाएर बालमैत्री घोषणाका लागि कार्ययोजना अनुरुप कार्य गरे बालमैत्री वडा सहजरुपमा घोषणा गर्न सकिने बताउनु भयो । ‘टोल विकास समितिले तालिममा बनाएको कार्य योजनाले वडालाई बालमैत्री बनाउन ठुलो योगदान पुग्दछ,’ न्यौपानेले भन्नुभयो ।

स्वास्थ्य प्रमुख पार्वती पौडेलले स्वास्थ्यको वर्तमान अवस्थाको चित्रण गरी गर्भवती महिला र सुत्केरीका लागि स्वास्थ्य केन्द्रमा आउन आग्रह गर्दै यस कार्यमा टोल विकास समितिहरुको सहजीकरण र भूमिका महत्वपूर्ण रहने कुरामा जोड दिनुभयो । तलिममा बाल कल्याण समाज मकवानपुरका अध्यक्ष प्रकाश खतिवडा र नगर बालमैत्री सहजकर्ता सपना ढुंगानाले सहजीकरण गर्नुभएको थियो । बालबालिकाको परिचय, बाल अधिकार महासन्धि, बालबालिकाको अधिकार र कर्तव्य, बालबालिकाहरुमा लगानी, बालमैत्री अवधारणा, बालमैत्रीको ५१ वटा सूचकहरु र टोल विकास संस्थाको भूमिका आदि विषयमा सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रम बालमैत्री सम्पर्क व्यक्ति एवम् बडा सदस्य मनु दाहालको अध्यक्षतामा भएको थियो । कार्यक्रममा कार्यपालिका सदस्य ईश्वरी रसाईली, वडासदस्य रामकृष्ण अधिकारी, वडा सचिब शान्ता लौडारी, बालमैत्री नगर सहजकर्ता सपना ढुगांना, टोल विकास संस्थाका अध्यक्ष रुपा ढुगांना, बाल अधिकार समिति सदस्य रमेश न्यौपाने, बालबालिका सञ्जाल संरक्षक बेगम बराल, वडा सहजकर्ता कृष्टीना मैनाली लगायतको आतिथ्य रहेको थियो ।

बाल कल्याण समाज मकवानपुरका अध्यक्ष प्रकाश खतिवडाले हेटौँडा उपमहानगरपालिकालाई बालमैत्री पालिका घोषणाकोस्तरमा पुऱ्याउनु सामाजिक संस्थाको कर्तव्य र दायित्व भएकोले स्वस्फूर्तरुपमा सामाजिक अभियन्ताहरु पालिकाभरि नै क्रियाशील भइरहेको बताउनु भयो ।

कार्यक्रममा वडाका १३ वटा टोल विकास संस्थाले आगामी कार्ययोजना तयार गरी सबै टोल विकास संस्थाबाट प्रस्तुतीकरण गरेको थियो । हेटौँडा उपमहानगरपालिकाको १ नम्बर वडालाई भदौ २९ गते बालमैत्री पालिका घोषणा गर्ने लक्ष्य राखिएको छ ।

## लागुऔषध ब्राउन सुगरसहित पक्राउ

समाज संवाददाता

हेटौँडा: मकवानपुर प्रहरीले लागुऔषध ब्राउन सुगरसहित एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौँडा-१५, फायरलाइनका २९ वर्षीय विज्ञान लामा रहेको प्रहरीले जनाएको छ ।

बुधबार बिहान ११ बजेको समयमा हेटौँडा-१५, म्याजिक चोकमा सुचनाको आधारमा खटिएको प्रहरी टोलीले लामालाई सुरक्षाजाँच गर्दा उनको साथबाट लागुऔषध ब्राउन सुगर १ ग्राम ४ सय ९० मिलीग्राम फेला पारेको थियो । प्रहरीले उनको साथबाट गाँजा ७० ग्रामसहित १६ हजार ५ सय रुपैयाँ रकम पनि बरामद गरेको छ ।

## लागुऔषध कोरेक्ससहित एकजना पक्राउ

समाज संवाददाता

हेटौँडा: मकवानपुर प्रहरीले लागुऔषध कोरेक्ससहित एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बारा जिल्लाको जीतपुर-सिमरा उपमहानगर पालिका-४ का २७ वर्षीय न्यामदिन अन्सारी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

बुधबार दिउँसो २ बजेर ३० मिनेटको समयमा हेटौँडा-१० स्थित बसपार्कमा पैदल हिँडिरहेका अन्सारीलाई प्रहरी टोलीले सुचनाको आधारमा सुरक्षाजाँच गर्दा उनको साथबाट लागुऔषध कोरेक्स २ सय ५० मिलीलिटर बरामद गरेको हो । अन्सारीलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

## झरनाले गऱ्यो एकैदिन २ बिद्यालयमा काव्य प्रशिक्षण

समाज संवाददाता

हेटौँडा: झरना साहित्यिक परिवार मकवानपुरले एकैदिन दुईवटा विद्यालयमा काव्य प्रशिक्षण गरेको छ । बुधबार बकैया गाउँपालिकामा रहेको बुद्ध माबि र बागमती गाउँपालिकामा रहेको जनता माविमा काव्य प्रशिक्षण गरेको हो । झरनाले २९१ औँ साहित्य शृङ्खलाअन्तर्गत बुद्ध मावि हात्तिसुँडेमा माध्यमिक तहका विद्यार्थीलाई काव्य प्रशिक्षण गरेको हो ।

कार्यक्रममा बुद्ध माविमा अध्ययनरत ८० जना विद्यार्थीहरुलाई कविता, गीत र गजल लेखन सम्बन्धी प्रशिक्षण दिइएको छ । बुद्ध माविमा भएको कार्यक्रममा बुद्ध माविका प्रधानाध्यापक प्रेम बोम्जन, सहायक प्रधानाध्यापक योगबहादुर राई तथा शिक्षक सुरेश रेग्मीलगायतको आतिथ्य रहेको थियो । यस्तै, बुधबार नै झरनाको २९२ औँ साहित्य शृङ्खलाअन्तर्गत जनता मावि बागमतीमा काव्य प्रशिक्षण गरेको छ । माध्यमिक तहका विद्यार्थीलाई काव्य प्रशिक्षण गरिएको हो । कार्यक्रमका प्रमुख अतिथिको रुपमा बोल्नु हुँदै झरनाका संरक्षक रमेशमोहन अधिकारीले आफुसँग भएको क्षमतालाई प्रष्फुटन गर्नका लागि यस्ता कार्यक्रमले सहजीकरण गर्ने बताउनुभयो । उहाँले आफुभित्र भएको प्रतिभालाई सबैले समयमै चिन्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका विशेष अतिथि यादवराज बरालले झरनाले गाउँमा पुगेर यस्ता कार्यक्रम गर्दा विद्यार्थीलाई सिर्जनशील हुन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा जनता माविमा माध्यमिक तहमा अध्ययनरत ६० जना विद्यार्थीलाई कविता, गीत र गजल लेखन सम्बन्धी प्रशिक्षण दिइएको थियो । कार्यक्रममा बुद्ध माविका प्रधानाध्यापक प्रेम बोम्जन, जनता माविका सहायक प्रधानाध्यापक दिनेश माझी, समाजसेवी बिष्णु घिमिरे, शिवराम ढकालको आतिथ्य रहेको थियो ।

झरना साहित्यिक परिवार मकवानपुरका अध्यक्ष विश्वनाथ सञ्जेलको सभाध्यक्षतामा भएको कार्यक्रममा संस्थाका सचिव मसान उपासकले काव्य प्रशिक्षण दिनुभएको थियो भने कार्यसमिति सदस्य प्रेम बोम्जनले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो । “सिर्जनशील नयाँ पुस्ता निर्माण अभियान” अन्तर्गत काव्य प्रशिक्षण गरिएको संस्थाका सचिव मसान उपासकले जानकारी दिनुभयो । अबको पुस्ता सिर्जनशील रहे मात्रै समाज उन्नत बाटोमा जाने भएकोले यो अभियान चलाएको उहाँले बताउनुभयो ।

## युवकले आफ्नै लिंग काटे

समाज संवाददाता

हेटौँडा: हेटौँडा-१०, बसपार्कस्थित फुलबारी होटल एण्ड लजमा बसेका मकवानपुरगढी गाउँपालिकाका २२ वर्षीय एक युवकले आफ्नो लिंग आफैँले काटेका छन् । बुधबार राती ११ बजेर ४६ मिनेटको समयमा ती युवक आफैँले लिंग काटेर उपचारका लागि हेटौँडा अस्पताल पुगेको प्रहरीले जनाएको छ । हेटौँडा अस्पतालमा उपचारपछि थप उपचारका लागि भरतपुर रेफर गरिएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । भरतपुरमा उपचाररत युवकको स्वास्थ्य अवस्था खतरामुक्त रहेको छ । के कारणले आफ्नै लिंग काटे भन्ने कारण खुल्न नसकेको प्रहरीले जनाएको छ ।

## २४ घण्टामा ६ जनालाई डेंगु

समाज संवाददाता

**हेटौंडा: मकवानपुरमा पछिल्लो २४ घण्टामा ६ जनामा डेंगु पुष्टि भएको छ । डेंगु हुने ६ जना नै हेटौंडा उपमहानगर पालिकाभित्रका बासिन्दा रहेका छन् ।**

**मकवानपुरमा साउन महिनाभित्र १ सय ६३ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । डेंगु पुष्टि भएकामध्ये १ सय १५ जना हेटौंडा उपमहानगरपालिकाभित्रका छन् । मकवानपुरमा डेंगु संक्रमित हुनेमध्ये ७० प्रतिशतभन्दा बढी हेटौंडाका रहेका छन् । हेटौंडा उपमहानगरपालिकाभित्र साउन महिनामा ५६ जना पुरुष र ५९ जना महिलामा डेंगु देखिएको जनस्वास्थ्य निर्देशनालयका सार्वजनिक स्वास्थ्य अधिकारी नवदीप सिलवालले जानकारी दिनुभयो । यस्तै, हेटौंडा अस्पतालमा बिहीबार ३६ जनाले डेंगु जाँच गराएका छन् । जाँच गराएका ३६ जनामध्ये २ जनामा डेंगु देखिएको छ । २ महिलामा डेंगु देखिएको हेटौंडा अस्पतालका प्रयोगशाला प्राविधिक राजकुमार शर्माले जानकारी दिनुभयो ।**

## १५ वर्षीय बालश्रमिकको उद्दार

समाज संवाददाता

हेटौँडा: हेटौँडा उपमहानगरपालिका र हेटौँडा-२ वडा कार्यालयको समन्वयमा बिहीबार आन्दाजी १५ वर्षीय बालश्रमिको उद्दार गरिएको छ । हेटौँडा-२ स्थित मनकामना चोकमा रहेको मन्डल वर्कशपबाट एक श्रमिक बालकको उद्दार गरिएको हेटौँडा उपमहानगरपालिका नगर बालमैत्री सहजकर्ता सपना ढुङ्गानाले जानकारी दिनुभयो । २० दिनअघिदेखि उक्त वर्कशपमा काम गर्दै आएका ती बालकलाई उद्दार गरी बाल हेल्पलाइन मकवानपुरमा राखिएको छ । परिवार सम्पर्कमा आएपछि श्रम तथा रोजगार कार्यालय हेटौँडाको सहयोगमा परिवारलाई बालक जिम्मा लगाइने छ ।

## डेंगुको रोकथाममा सचेतनामूलक कार्यक्रम गरिँदै

समाज संवाददाता

**हेटौंडा: हेटौंडा उपमहानगरपालिकाको स्वास्थ्य शाखा अहिले डेंगु रोगको रोकथाममा केन्द्रित रहेको छ । हेटौंडा उपमहानगरपालिकाले डेंगु रोकथामका लागि आज शुक्रबारबाट वडा-वडामा सचेतनामूलक कार्यक्रम सुरु गर्ने भएको हो ।**

**हेटौंडा उपमहानगरपालिकाले सबै वडाहरुमा डेंगु संक्रमण रोकथामका लागि लामखुट्टेका लार्भा नष्ट गर्ने कार्यक्रम गरिरहेको हेटौंडा उपमहानगरपालिकाका जनस्वास्थ्य निरीक्षक भोला चौलागाईंले बताउनुभयो । उपमहानगरपालिका अहिले वडा नं. ४, ५ र १० मा बढी केन्द्रित रहेको उहाँको भनाइ छ । अहिले पनि वडाले प्रत्येक महिला स्वयमसेविकामार्फत् सचेतनामूलक काम गर्दै आइरहेको बताइएको छ ।**

**उपमहानगरपालिकाको ४, १२ र १३ नम्बर वडामा सचेतनामूलक कार्यक्रम सुरु भएको भए पनि आज शुक्रबारदेखि औपचारिकरुपमा सबै वडामा सचेतनामूलक कार्यक्रम सुरु हुने चौलागाईंले बताउनुभयो । उपमहानगरपालिकाका स्वास्थ्य अधिकृत लक्ष्मीनारायण भगतका अनुसार पालिकाले अहिले बजेट नआए पनि काम गर्न सुरु गरिसकेको छ । वर्षाका बेलामा धेरै सावधानी अपनाउनु पर्ने र सचेत भएर बस्नुपर्ने भन्दै उहाँले पालिकाले जनचेतनाका लागि एफएमबाट सूचना प्रदान गरिरहेको बताउनुभयो । हेटौंडा उपमहानगर पालिकाले डेंगुको बारेमा सरकारवालासँग अन्तरक्रिया गरिरहेको भगतले बताउनुभयो ।**

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

स्वादिष्ट नेवारी खाजा

अब

होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

हेटौंडा अस्पताल
बागमती प्रदेश, हेटौंडा
अस्पतालमा स्वास्थ्य सेवा लिन आउनु हुने महानुभावलाई स्वागत छ ।

हेटौंडा अस्पतालमा पाउने सेवा सुविधा

सेवाहरू
हाडजोर्नी विशेषज्ञ सेवा : शल्यक्रिया सेवा
बालरोग सेवा : फिजियोथेरापी
प्रसुति सेवा : न्यूरो सेवा
दन्त सेवा : आयुर्वेद सेवा
फिजिसियन सेवा : क्याबिन सेवा
नाक, कान, घाँटी सेवा : छाला रोग सेवा

विशेष सेवा
ICU, HDU : ART सेवा
Dialysis : OT/Post/OP
General Lab (PCR) : सर्जिकल वार्ड सेवा
Endoscopy : मेडिकल वार्ड सेवा
USG : सामाजिक सेवा ईकाई
CT SCAN : OCMC सेवा
ECG : जेरायट्रिक वार्ड सेवा
MRI शिघ्र रुपमा सुचारु हुँदै
NICU/PICU शिघ्र रुपमा सुचारु हुँदै
टिकट खुल्ने समय : बिहान ७ बजे देखि ११ बजे सम्म
बिरामी पुर्जा काट्ने समय : बिहान ७ बजे देखि ११ बजे सम्म
Emergency काउन्टर २४ सै घण्टा
फार्मेसी सेवा २४ सै घण्टा
Online टिकट सेवा
Emergency सेवा
ओ.पि.डी खुल्ने समय
बिहान १० बजे देखि ३ बजे सम्म
शुक्रबार १० बजे देखि १ बजे सम्म
खाजा/खाना खाने समय १ बजे देखि २ बजे सम्म
OT Day (अप्रेसन हुने बार)
हाडजोर्नी : आइतबार र बुधबार (OPD बन्द हुने छ ।)
शल्यक्रिया : सोमबार र बिहीबार (OPD बन्द हुने छ ।)
प्रसुति : मंगलबार र शुक्रबार (OPD सबै बार खुल्ला हुने छ ।)
नाक, कान, घाँटी : आइतबार र बुधबार (OPD बन्द हुने छ ।)

Administrative Department
खुल्ने समय आइतबारदेखि बिहीबार बिहान १० बजेदेखि ५ बजेसम्म
शुक्रबार बिहान १० बजेदेखि ३ बजेसम्म
सम्पर्क: ०५७-५२३७९८, ५२०३०५

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ